**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर प्रुफ रिडर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रमको रुपरेखा** :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

**प्रथम चरण :–** लिखित परीक्षा पूर्णाङ्क :– १००

**द्वितीय चरण :–** (क) प्रयोगात्मक पूर्णाङ्क :– २५

(ख) अन्तर्वार्ता पूर्णाङ्क :– २०

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरण (First Phase) :- लिखित परीक्षा**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सेवा सम्बन्धी (Service related) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | ५० प्रश्न x २ अङ्क | ४५ मिनेट |

**२. द्वितीय चरण (Second Phase) :- प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता**

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|
| प्रयोगात्मक परीक्षा | २५ | १२.५ | प्रयोगात्मक | ५ प्रश्न x ५ अङ्क | १ घण्टा |
| अन्तर्वार्ता | २० | | | | |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रम योजनालाई प्रथम चरण (लिखित परीक्षा) तथा द्वितीय चरण (प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता) गरी दुई भागमा विभाजन गरिएको छ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

५. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

७. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

८. प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता यथासम्भव एकै दिन लिइनेछ । प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरूको मात्र लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको कुल अङ्कको योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

९. उल्लिखित परीक्षा योजना लागू भएपछि यो भन्दा अगाडिको परीक्षा योजना खारेज हुनेछ ।

१०. पाठ्यक्रम लागू मिति : - **आ.व. २०७७-७८ मा प्रकाशित विज्ञापन देखि लागू ।**

**लोक सेवा आयोग**

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर प्रुफ रिडर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**१. मुद्रण प्रविधिको इतिहास** **१० अंक**

१.१. विश्वको मुद्रण इतिहास

१.२. नेपालमा मुद्रणको विकासक्रम

१.३. छपाइ शुद्धि (Proof Reading) को इतिहास

१.४. स्तरीय मुद्रण कार्यका लागि छपाइ शुद्धिको महत्व

१.५. सम्पादन र छपाइ शुद्धिमा फरक

१.६. प्रचलित मुद्रण प्रविधिहरूको ज्ञान

**२. मुद्रणमा कम्प्युटर सम्बन्धी ज्ञान** **१० अंक**

२.१. कार्य प्राप्ति (Job acquisition)

२.२. कार्यको लागत अनुमानको गणना (Cost Estimation)

२.३. कम्प्युटर प्रविधि सम्बन्धी ज्ञान

२.३.१. कम्प्युटरका विशेषता तथा प्रकार

२.३.२. छपाइ शुद्धि प्रविधिमा कम्प्युटर प्रविधिको प्रयोग

२.३.३. कम्प्युटरका विभिन्न विधिहरुः Indesign, Photoshop, Freehand, Graphic design, Programming and net-internet

२.४. लेटर, वर्ड इन्सर्टिङ्ग तथा डिलिटिङ्ग सम्बन्धी ज्ञान

२.५. कम्प्युटर नेटवर्किङ्ग सम्बन्धी ज्ञान

**३. भाषा संरचना सम्बन्धी ज्ञान** **२० अंक**

३.१. देवनागरी लिपि तथा नेपाली भाषामा ह्रस्व र दीर्घको ज्ञान

३.२. वाक्य गठन, उद्देश्य र विधेयको जानकारी

३.३. नेपाली वर्णविन्यास, भाषा, हिज्जे र प्रस्तुति शैली

३.४. सन्दिग्ध वाक्य, एक अर्थी वाक्य र बहुअर्थी वाक्यको पहिचान र प्रयोग

३.५. अनुच्छेद योजना

३.६. फन्ट साइज मिलान तथा शब्द कोरिने र झर्ने समस्याको रुजु

३.७. चित्र र ग्राफको सान्दर्भिकता

३.८. संकेत चिन्ह (symbol) र अभ्यासको डिजाइन

३.९. विषयवस्तु र भाषा सम्पादन

**४. छपाइ शुद्धि (Proof Reading) सम्बन्धी आधारभूत ज्ञान** **२० अंक**

४.१. छपाइ शुद्धिको आवश्यकता तथा विभिन्न चरणहरू

४.२. प्रारम्भिक पृष्ठ रुजु (आवरण पृष्ठ, शीर्षक पृष्ठ, सर्वाधिकार पृष्ठ, प्राकथन, विषय सूची)

४.३. छपाइ शुद्धिमा चिन्हको प्रयोग (थप्ने, छुट्याउने, अनुच्छेद मिलाउने र हटाउने

४.४. विराम र विराममेतर चिन्हहरूः पूर्णविराम, अल्पविराम, उद्गार, योजक, कोष्ठक र उद्धरण

४.५. छपाइ संशोधक (Proof Reader) ले रुजु गर्ने : डमी अनुसार पृष्ठ, मुख्य शीर्षकहरू, अक्षर टाइप गर्दा शब्द छुटेको फोटो, क्याप्सन, नमिल्दा शब्द, उद्धरणहरूको वैधता

४.६. पुस्तक र अक्षरको आकार मिलान

४.७. अन्तिम पृष्ठः परिशिष्ट, सन्दर्भ सामग्री र अन्तिम भित्री पृष्ठ

४.८. अंग्रेजी भाषाको शुद्धताको सामान्य ज्ञान

४.९. छपाइ शुद्धिमा प्रयोग हुने शब्दावली

**५. छपाइ शुद्धि (Proof Reading) मा डिजाइन सम्बन्धी ज्ञान** **२० अंक**

५.१. लेआउटको विशेषता तथा प्रकार
५.२. टाइप स्टाइलको प्रयोग सम्बन्धी ज्ञान
५.३. रजिष्टर मार्क, फोल्डिङ्ग मार्क, कटिङ्ग मार्जिन सम्बन्धी सामान्य जानकारी
५.४. रंगको पहिचान र मिसावट
५.५. छपाइमा प्रयोग हुने कागजको प्रकार तथा साइजहरू
५.६. कलर फ्रुफिङ्ग, कलर स्क्यानिङ्ग र प्रोसेस कलर सम्बन्धी ज्ञान
५.७. छपाइ तथा बाइण्डिङ्ग प्रोसेसमा शुद्धा शुद्धि प्रयोग सम्बन्धी ज्ञान

**६. विविध** **२० अंक**

६.१. छपाइ शुद्धि कार्य स्थलको व्यवस्थापन र सञ्चार समन्वय
६.२. छपाइ शुद्धिमा नविनतम प्रविधिको प्रयोग सम्बन्धी ज्ञान
६.३. सुरक्षण मुद्रण सम्बन्धी ज्ञान
६.४. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ तथा छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को सामान्य जानकारी
६.५. निजामती सेवा ऐन, २०४९ (परिच्छेद- १, २, ३, ७ र ९) तथा निजामती सेवा नियमावली, २०५० (परिच्छेद- ९) सम्बन्धी जानकारी
६.६. भ्रष्टाचार निवारण ऐन, २०५९ (परिच्छेद- १ र २) सम्बन्धी जानकारी
६.७. प्रतिलिपि अधिकार ऐन, २०५९ सम्बन्धी जानकारी
६.८. रेडियो, टिभी, टेलिफोन लगायत सञ्चारका साधनहरूले छपाइमा पार्ने प्रभाव
६.९. मुद्रण सम्बन्धी नियमहरू, २०५५
६.१०. सूचनाको हक सम्बन्धी ज्ञान
६.११. नेपालको संविधान सम्बन्धी सामान्य जानकारी

...............................

## नमूना प्रश्नहरू

१. सर्वप्रथम मुद्रणको सुरुवात कुन देशबाट भएको हो ?

A. अमेरिका B. वेलायत

C. चीन D. भारत

उत्तर (C)

२. छपाइ शुद्धि (Proof Reading) मा ✕ चिन्हको प्रगोग किन गरिन्छ ?

A. खराव अक्षर हटाउन B. टुटेफुटेको अक्षर हटाउन

C. सफा अक्षर राख्न D. सबै

उत्तर (D)

३. पुस्तकको सर्वाधिकार पृष्ठ कहाँ रहन्छ ?

A. पुस्तकको सुरुमा B. पुस्तकको बीचमा

C. पुस्तकको अन्तिममा D. जहाँ पनि हुन सक्छ

उत्तर (A)

**<u>प्रगोगात्मक परीक्षाको लागि नमूना प्रश्नहरू</u>**

१. दिइएको/तोकिएको गुरुकपि अनुसार डमि रुजु गर्न लगाउने ।

२. टाइप वा कम्पोजिङ्ग पृष्ठको छपाइ शुद्धि (Proof Reading) गर्ने ।

३. करेक्शन कपिलाई कम्प्युटरमा संशोधन गर्ने ।

४. छपाइ शुद्धि (Proof Reading) मा अनुच्छेद मिलान गर्ने ।

५. कम्प्युटरको PDF file बाट संशोधन गर्ने ।

●●●